नेपाल सरकार
# परराष्ट्र मन्त्रालय
काठमाडौं, नेपाल

पत्र संख्या: २०८२/०३
च.नं. :- GA/IPA/२९४१

मिति: २०८२।०६।२७

**विषय: विवरण फरक परेको सन्दर्भमा।**

प्रिय सहकारीज्यू,

उपर्युक्त सम्बन्धमा नेपालबाट विदेश जाने प्रक्रियामा रहेका तथा हाल विदेशमा रहेका नेपाली नागरिकहरूको नेपालस्थित सरकारी निकायहरूबाट जारी भएका तथा सरकारी निकायमा अभिलेखमा रहेका कागजातहरू आवश्यक प्रक्रिया पूरा गरी कन्सुलर प्रमाणीकरण गर्ने कार्य नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०६४ बमोजिम यस मन्त्रालय अन्तर्गतको कन्सुलर सेवा विभागबाट हुँदै आएको छ। विभागबाट प्रमाणीकरण नगरिएका कागजातहरूले विदेशमा कानूनी हैसियत र मान्यता प्राप्त नगर्ने हुनाले प्रमाणिकरणको कार्य ज्यादै महत्वपूर्ण र संवेदनशील रहेको छ।

यसै सिलसिलामा विभागमा कागजात प्रमाणीकरणको लागि आउने केहि सेवाग्राहीको नागरिकतामा उल्लिखित नाम, थर, वतन तथा अन्य वैयक्तिक विवरणहरु निज र निजका परिवारका अन्य सदस्यहरुको नागरिकता लगायतका अन्य कागजातमा उल्लिखित विवरण भन्दा फरक उल्लेख हुने गरेको अवस्था छ। यस्तो अवस्थामा सेवाग्राहीले सम्बन्धित व्यक्तिको नाम, थर तथा अन्य वैयक्तिक विवरणहरू फरक फरक भए पनि निज र निजका परिवारका सदस्यहरूको नागरिकतामा उल्लेख भएको व्यक्ति एकै भएको भनी सम्बन्धित स्थानीय तहको सिफारिस लिई सोझै विभागमा प्रमाणीकरणको लागि आउने गरेको देखिन्छ।

प्रमाणिकरणका लागि आउँदा कागजात जुन निकायबाट जारी गरिएको हो सोही निकायको सिफारिस सहित आउनु पर्ने व्यवस्था रहेको सन्दर्भमा नागरिकता जारी गर्ने निकाय जिल्ला प्रशासन कार्यालय भएकोले नागरिकतामा फरक परेका विवरणहरू सम्बन्धित जिल्ला प्रशासन कार्यालयको अभिलेखबाट रूजु प्रमाणित गरेर ल्याउन विभागबाट सेवाग्राहीहरूलाई अनुरोध गर्ने गरिएको छ। तर नागरिकता लगायतका जिल्ला प्रशासन कार्यालयबाट जारी हुने कागजातहरुको हकमा समेत स्थानीय तहको सिफारिस लिएर सेवाग्राही कागजात प्रमाणिकरणका लागि सीधै विभागसमक्ष आउने गरेको हुँदा प्रमाणिकरणको कार्य जटिल हुने गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३, दफा १२ को उपदफा (२) को खण्ड (ङ) मा सिफारिस तथा प्रमाणित गर्ने अधिकार वडा समितिमा रहेको तर स्थानीय तहमा नागरिकताको अभिलेख नरहने हुँदा स्थानीय तहबाट जारी गरिएको सिफारिसको आधारमा मात्र नागरिकतामा भएको फरक फरक विवरणलाई एउटै भनी प्रमाणीकरण गर्न नसकिने भएकाले वडा समितिको सिफारिसमा सक्कल कागजात लगायतका विवरण रहने जिल्ला प्रशासन कार्यालयबाट रुजु प्रमाणित भई आएको अवस्थामा विभागबाट प्रमाणीकरण गर्न सहज हुने हुन्छ।

अतः कुनै व्यक्तिको नाम तथा अन्य वैयक्तिक विवरणहरू निज र निजका परिवारका अन्य सदस्यको नागरिकतामा फरक हुन गएको अवस्थामा स्थानीय प्रशासन ऐन, २०२८ र नेपाल नागरिकता नियमावली, २०६३ बमोजिम नागरिकताको प्रमाणपत्र जारी गर्ने निकाय जिल्ला प्रशासन कार्यालयहरूमा रहेको अभिलेख हेरी सम्बन्धित स्थानीय तहको सिफारिसमा उक्त व्यक्ति एउटै भएको व्यहोरा रुजु प्रमाणित गरी विभाग समक्ष प्रमाणीकरणको लागि पठाउने व्यवस्था हुन जिल्ला प्रशासन कार्यालयहरुलाई आवश्यक निर्देशन गरिदिनु हुन अनुरोध गरेको छ।

(अमृतबहादुर राई)
सचिव

श्री रामेश्वर दंगाल
सचिव
गृह मन्त्रालय

श्री रविलाल पन्थ
सचिव
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय



Scanned with CamScanner
CamScanner